दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २३१ | बुटवल | २०८१ भदौ ०१, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Aug.17, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं ।**

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।

त्यसैले

-खोला, धारा वा मूलको पानी सिधै नपिऔं ।
-पानी उमालेर मात्र पिऔं ।
-उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
-पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
-भाँडाहरु सफा पानीले पखालौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड


# बदलिँदो सुस्ता

**पूर्वाधार विकासले सुस्तावासीको दैनिकी सहज हुँदै गएको छ । नारायणीमा झोलुङ्गे पुल बनेपछि सुस्तावासीको दैनिकी सहज मात्रै भएको छैन, नेपालको लामो पुल हेर्न आन्तरिक पर्यटकको भीड लाग्न थालेको छ ।**

**गौरीशंकर जयसवाल**
*परासी*



दुःखै दुःख झेलेका सुस्तावासीको अहिले दैनिकी सहज हुँदैछ। बिजुली, सडक, विद्यालयको निर्माण र पहुँच विस्तार भएपछि अहिले नारायणी नदीमा झोलुङ्गे पुल सञ्चालनमा आएको छ। डुङ्गाबाट जोखिमपूर्ण यात्रा गर्दै आएका नागरिकलाई अहिले नारायणी तर्न सहज भएको छ।

नारायणी नदीमा पुल नहुँदा सुस्तावासी डुङ्गाबाट नारायणी तर्थे । त्यसपछि गाउँपालिका केन्द्र र जिल्ला सदरमुकाम परासी एवं अन्य विभिन्न काम सकेर फर्कन्थे । नारायणी नदीमा झोलुङ्गे पुल सञ्चालनमा आएपछि भारतीय पक्षबाट पटक-पटक अतिक्रमणको चपेटामा परेको सुस्ता सामान्य कामको लागि पनि भारतको भर पर्ने अवस्थाको अन्त्य भएको सुस्ता बचाउ अभियान कार्यबहाक अध्यक्ष एवं वडा नम्बर ५ का वडासदस्य आदम खानले बताए।

'पुल नहुँदा हामी भारतीय बाटो भएर हिंड्नु पर्दथ्यो । त्यसबेला भारतीय सीमा सुरक्षा फौज एसएबसीले गाली गर्दा चुप लागेर हिंड्थ्यौं। पुल निर्माण भई सञ्चालनमा आएपछि सुस्तावासीलाई सजिलो भएको छ, पुल बनेपछि छरितो पनि भएको छ।'-उनले भने ।

नारायणी नदी पुल नहुँदा सुस्ताका पारिका विद्यार्थीहरु वारिका स्कुलमा पढ्न आउने भारतीय बाटो प्रयोग गर्थे । डुङ्गाको कष्टपूर्ण यात्रा गर्न बाध्य थिए। अब उनीहरुका ती कष्टका दिन सकिएका छन्। 'बल्ल हामीले विकास देख्न पाएका छौं, राज्यको अनुभूति गर्न पाएका छौं।'-स्थानीय जयनारायण शाहले भने।

करिब रु २३ करोड लागतमा निर्माण सम्पन्न भएको पुलको एक हजार पाँच सय ७१ मिटर लम्बाई छ भने चौडाई १ दशमलव ६ मिटर रहेको छ। २०७२ सालमा निर्माण सुरु भएको भए पनि ठेकेदारको लापरबाहीले ढिलाइ भएको हो।

त्यस्तै, नेपाल सरकारको वैकल्पिक सौर्य उर्जा विभाग र गाउँपालिका मिलेर अहिले एक सय किलोवाटको सोलार मिनिग्रिड जडान गरिएको छ । संघीय सरकारको ६० र गाउँपालिकाको ४० प्रतिशत लगानीमा निर्माण गरिएको मिनिग्रिडले अहिले सुस्तालाई झिलीमिली बनाएको छ। सबैका घरमा बत्ती बलेको छ। सडक बत्ती र साना कुटिर उद्योगलाई समेत पुग्ने गरी विद्युत् पुगेको छ।

गरिब र विपन्नका लागि सुस्तामा सरकारले आवास निर्माण गरिदिएको छ । संघीय सरकारको लगानी र प्रदेश सरकार तथा गाउँपालिकाको समन्वयमा दुई सय ५० वटा आवास निर्माण भएका छन् ।

सघन सहरी विकासको कार्यक्रमले अहिले चार हजार ६ सय मिटर सडक आरसीसी गरिदिएको छ। त्यहाँको खानेपानीको अवस्था सुधार गर्न ओभरहेड ट्याङ्की निर्माण भएको छ । पहिले रहेको एउटा स्वास्थ्य इकाई जनशक्तिको अभावमा सञ्चालन हुन सकेको थिएन। अहिले गाउँपालिकाले स्वास्थ्यकर्मीको व्यवस्थापन गरिदिएको छ। स्वास्थ्य इकाई अहिले २४सैं घण्टा सेवा भएको छ। त्यस्तै, गाउँमा नै सशस्त्र प्रहरीको बीओपी निर्माणको काम अगाडि बढेको छ।

यता सिँचाइका लागि किसानलाई सोलारबाटै बोरिङको व्यवस्था भएको छ ।

**सुस्ताको विगत**

तत्कालीन राजा महेन्द्रले २०२२ सालमा सुस्तामा चार सय परिवारको बस्ती बसाले। त्यसपछि यहाँका बासिन्दा सधैँ भारतीय पक्षबाट कुटपीट र थिचोमिचोमा परे।

२०२७ सालमा नापनक्सा गर्न खटिएको टोलीलाई नै भारतीय पक्षले लखेटेका थिए। सरकारले प्रहरी परिचालन गरेर नापनक्सा गरी २०३१ सालमा जग्गा धनीपुर्जा वितरण गरेको थियो। त्यसपछि स्थानीय ढुक्क भएर बसेका थिए। २०३४ सालमा नारायणी नदीले धार परिवर्तन गर्दा बस्ती बगरमा परिणत भयो, स्थानीय बिचल्लीमा परे। सरकारले अधिकांश बाढीपीडितलाई सुरक्षित स्थान भन्दै नारायणी नदीवारि स्थानान्तरण गर्‍यो। तर खनजोत र वर्षभरि गरीखाने जग्गा नारायणी पारि भएकाले विस्थापितहरू बिस्तारै फेरि पुरानै थातथलो फर्किएका थिए। २०४० सालमा भारतीय सुरक्षाकर्मीले नेपाली भूमिमा पसेर अतिक्रमण गर्नुका साथै दुर्व्यवहार गर्न खोज्दा सुस्तावासीले लखेटेका थिए। त्यसैलाई कारण बनाएर १० र १५ जना युवाविरुद्ध वारेन्ट जारी गरेर जुनसुकै समयमा पनि पक्राउ गर्न सीमा सुरक्षा बललाई निर्देशन दिएको थियो।

सुस्ता गाउँपालिका-५, सुस्तामा करिब पाँच सय घरधुरी छ। वर्षौंदेखि बसोबास गर्दै आएका अधिकांशसँग नागरिकता छैन। सुस्तामा ३ सय ५० जना मात्र मतदाता रहेका छन्। उनीहरुले अब सरकारले नागरिकता दिनुपर्ने माग गरेका छन्।

पश्चिम नवलपरासीको नेपाल-भारत सीमामा १६ वटा सीमास्तम्भ छन्। जिल्लाको सनहीदेखि कुडियासम्म सीमास्तम्भ भए पनि सुस्ताको २४ किलोमिटर क्षेत्रमा सीमास्तम्भ छैन।

# अवैध बस्तु निरन्तर नियन्त्रणमा



भैरहवा। रुपन्देहीको सिद्धार्थनगर वडा नं. ४ गल्लामण्डीबाट अवैध रुपमा भित्रिएको चिनी र केराउ बरामद भएको छ। भैरहवा भन्सार कार्यालयको नेतृत्व नेपाल प्रहरी र जिल्ला प्रशासन कार्यालय रुपन्देहीको समन्वयमा अवैध रुपमा ल्याई भण्डारण गरेको अवस्थामा गल्लामण्डीबाट ७५ बोरा चिनी र ९२ बोरा मटर बरामद भएको हो। शुक्रबार दिउँसो विशेष सूचनाको आधारमा सुरक्षा निकायको सहयोगमा ३ लाख ९० हजार मूल्य बराबरको सामान बरामद भएको हो।

यस्तै भैरहवा भन्सार कार्यालयको नेतृत्व र सशस्त्र प्रहरी बल २७ नं. हेक्वाको सहकार्यमा भन्सार छली अवैध रुपमा संचित गरिएको चिनी बरामद गरिएको छ। पछिल्लो समय भन्सारले सूचनाको आधारमा निरन्तर सफलता हासिल गर्दै आइरहेको छ। सूचनालाई गम्भीरताका साथ लिँदै लाखौ मूल्यको अवैध सामान भन्सार प्रमुख नारद गौतमको सक्रियतामा नियन्त्रणमा लिइदै छ। बिहीबार दुगौलिया नाकाअन्तर्गत पर्ने मायादेवी-३ बाट १४७ बोरा अर्थात ७ हजार ३ सय ५० किलो अवैध चिनी बरामद गरिएको हो। २ वटा घरमा अवैध रुपमा भित्र्याएर संचित गरिएको भन्ने सूचना भन्सार प्रमुखलाई आएपछि सोहीको आधारमा भन्सार कार्यालय र सशस्त्र प्रहरी उपरीक्षक आनन्द थापाको कमाण्डमा गएको टोलीले दुईवटै घरमा राखिएके चिनी नियन्त्रणमा लिएको हो। चिनी राखेको केही दुरीमै प्रहरी चौकी दुर्गौलिया रहे पनि त्यसबारे सुइको पाएका थिएनन्।

मर्चवार क्षेत्र तस्करहरुको रोजाइको क्षेत्र भए पनि आहिले भने तस्कर न्यूनीकरणका लागि टोली परिचालित छ। शनिबार मर्चवारमा तस्करहरुले भन्सारको गस्तीटोलीलाई घेरामा लिइ गाडीसहितको तस्करीको सामान भगाएपछि सुरक्षा निकाय सतर्क रही काम गर्दै आएको छ। चिनी, मटर र स्टीम चामल भारीमात्रामा तस्करी हुने गरेको थिए। शनिबारको घटनापछि प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको नेतृत्वमा सुरक्षा निकायहरु पनि बेला बेलामा सम्भावित क्षेत्रको निरीक्षणमा निस्कीरहेका छन्। मंगलबार प्रजिअकै नेतृत्वमा मिनि ट्रकसहित ८४ बोरा मटर नियन्त्रणमा लिएको थियो, व्यापक तस्करी भइरहेको छ भन्ने आधारमा बुधबार प्रजिअ अर्यालसँगै, सुरक्षा निकायका प्रमुख नेपाल प्रहरीका एसपी रंजित सिंह राठौर, सशस्त्र प्रहरीका एसपी आनन्द थापासहित मर्चवार क्षेत्रमा रहेका प्रहरी युनिटहरु विभिन्न नाकाहरुको निरीक्षण गरेका थिए। सो टोलीले समेत अवैध रुपमा भित्रिएको मटर चिनीलगायतका सामान नियन्त्रणमा लिएको थियो।

यस्तै शनिबारको घटनामा संलग्न केही व्यक्तिलाई समेत प्रजिअ अर्यालको नेतृत्वमा नियन्त्रणमा लिएको छ। मंगलबार राती प्रजिअ अर्याललाई मर्चवारमा तस्करको गाडी भगाउने र हुलहुज्जत गर्ने व्यक्तिहरु एक होटलमा बसेका छन् भन्ने विशेष सूचना आएको थियो, सोही आधारमा प्रजिअ अर्यालसहितको टोलीले मोतीपुरको एक होटलबाट ४ जनालाई नियन्त्रणमा लिएको थियो। उनीहरुलाई म्याद थप गरी अनुसन्धान भइरहेको छ, अघि सोमबार मिनि ट्रक पनि नियन्त्रणमा आएको छ, घटनामा संलग्न केही अझैं फरार रहेकोले तिनीहरुको खोजीकार्य भइरहेको प्रजिअ अर्यालले बताए।

# अर्थतन्त्र सुधार्न आयोग बनाइने

बुटवल। अर्थतन्त्र सुधारका लागि सुझाव दिन सरकारले उच्चस्तरीय आयोग बनाउने भएको छ। उप-प्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु पौडेलले आफ्नो कार्यकालको पहिलो सय दिनको कार्ययोजना सार्वजनिक गरेका छन्। उक्त कार्ययोजनाले मुलुकको समग्र अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरिने उल्लेख गरेको छ।

आयोगले आर्थिक सुधारका क्षेत्र पहिचान गर्ने र अर्थतन्त्र सुधारमा नीतिगत/कानुनी मार्ग पहिचान गर्ने अपेक्षा गरिएको अर्थ मन्त्रालयले जनाएको छ।अर्थ मन्त्रालयका प्रवक्ता उत्तरकुमार खत्रीले कार्ययोजना कार्यान्वयनबाट नीतिगत, कानुनी र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरिएको बताए। जसले स्रोत तथा खर्च व्यवस्थापन, वैदेशिक सहायता परिचालनलगायतमा थप उपलब्धि हासिल हुने उनको भनाइ छ।

अर्थको कार्ययोजनामा दोस्रो वित्तीय क्षेत्र विकास रणनीति तयार पार्ने योजना समेत समेटिएको छ। यसै अवधिमा नयाँ बिमा नियमावली २०८१ तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस गरिने छ।

साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार सम्बन्धी नियमावली मन्त्रिपरिषद्मा पेस गर्ने योजना समेत अर्थको छ।

यसबिच आन्तरिक राजस्व परिचालन रणनीति कार्यान्वयन थालिने भएको छ। भन्सार मूल्यांकन कारोबार मूल्यमा आधारित बनाउन रणनीति बनाउने अर्थको योजना छ। यस अवधिमा भन्सार महसुल नियमावली तर्जुमा गरिने भएको छ।सार्वजनिक संस्थानमा ऋण तथा लगानी सम्बन्धी नीति तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस गरिने समेत अर्थको कार्ययोजनामा उल्लेख छ। यसबीच आन्तरिक ऋण निष्कासन तथा व्यवस्थापन कार्यविधि बनाउने समेत अर्थले जनाएको छ।

» *बाँकी ३ पेजमा*

# भलिबल खेलाडीलाई जनही तीन लाख दिइने

बुटवल। सरकारले काभा महिला भलिबल लिगमा उपविजेता बनेको नेपाली खेलाडीहरूलाई जनही तीन लाख रुपैयाँ नगद पुरस्कारसहित सम्मान गर्ने भएको छ। गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले नेपालका तर्फबाट खेल्ने १४ जना खेलाडीहरुलाई जनही तीन लाख रुपैयाँका दरले पुरस्कार तथा सम्मान प्रदान गर्ने निर्णय गरेको सञ्चार, सूचना तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए। राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ को नियम २८ बमोजिम उक्त निर्णय गरिएको जानकारी गराएको छ।

त्यस्तै, नेपाली टोलीका मुख्य प्रशिक्षक १ जनालाई दुई लाख, व्यवस्थापक, प्रशिक्षक र फिजियो गरी तीन जनालाई जनही १ लाख २० हजार रुपैयाँका दरले पुरस्कार तथा सम्मान वितरण गर्ने निर्णय भएको उनले जानकारी दिए। यसैगरी मन्त्रिपरिषद् बैठकले सह-सचिव वा सो सरहका ५९ जनालाई विभिन्न निकायमा सरुवा तथा कामकाजमा खटाएको छ।

त्यस्तै २०८१ असोज ५ देखि १४ गतेसम्म बेलायतमा हुने लोकसेवा आयोगको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रममा सहभागी हुन लोकसेवा आयोगका पदाधिकारीहरुलाई स्वीकृति दिने निर्णय पनि भएको छ।

# स्थानीय तहको करविरुद्ध व्यवसायी आन्दोलित

व्यवसायीले तीन तहका सरकारलाई कर तिर्ने,व्यवसायीको करबाट जनप्रतिनिधि र कर्मचारीले तलब-सुविधा खाने तर सरकारबाट व्यवसायीलाई राहत, सहुलियत, नीतिगत सुधार र संरक्षण नभएको उद्योगी व्यवसायीको गुनासो छ। तीनै तहका सरकारले उद्योगी व्यवसायीका जायज माग सम्बोधन गरी व्यवसायमैत्री वातावरण बनाउन जरुरी छ।



**नवीन लोचनमगर**
*रोल्पा*

स्थानीय तहको कर वृद्धिविरुद्ध विभिन्न ठाउँमा व्यवसायीले आन्दोलन सुरु गरेका छन् । शुक्रबार हेटौंडामा व्यवसायीले आफ्ना सबै व्यवसाय बन्द गरेर सटरको चाबी मेयरलाई बुझाएका छन् भने रोल्पामा आन्दोलनमा उत्रिने व्यवसायीले घोषणा गरेका छन् । व्यवसायीहरुले तेहेरो करको मारमा परेको गुनासो समेत गरेका छन् ।

पछिल्लो समय रोल्पा नगरपालिकाले कर संकलनका लागि बनाएको नियम तथा त्यसको

कार्यान्वयनको सन्दर्भमा असन्तुष्ट बनेका उद्योगी व्यवसायीहरु आन्दोलित भएका छन् । उनीहरुले विरोधका कार्यक्रमलाई थप पेचिलो बनाउँदै लगेका छन्। रोल्पा उद्योग वाणिज्य संघको अगुवाइमा व्यवसायी आन्दोलित भएका हुन् ।

रोल्पा नगरपालिकाले गरिरहेको कर संकलन व्यवसायीलाई निरुत्साहित गर्ने तवरबाट आएको भन्दै उनीहरुले यस्तो अव्यवहारिक र अवैज्ञानिक कर प्रणालीलाई बहिष्कार गर्ने बताएका छन्।नगरपालिकाको कर प्रणालीविरुद्ध संघर्ष/परामर्श समिति गठन गरी विरोधमा उत्रिएका व्यवसायीले शुक्रबार पत्रकार सम्मेलन गरी नीति र विधिको ख्यालै नगरी आफूखुसी कर लागू गर्न खोजेको भन्दै कडा प्रतिवाद गरका छन्।

संघर्ष समितिका संयोजक तथा रोल्पा उद्योग वाणिज्य संघका अध्यक्ष केशवकुमार आचार्यले भर्खर नगरपालिकामा दर्ता प्रक्रियामा गएका व्यवसायीलाई पनि २०७५ सालदेखिको कर लगाएर नगरपालिकाले आफूहरुलाई ठूलो अन्याय गरेको दाबी गरे । रोल्पा नगरपालिकाले आफ्नै मातहतको राजस्व परामर्श समितिमा समेत कुनै छलफल नगरी एकपक्षीय करवृद्धि गरेको भन्दै अध्यक्ष आचार्यले त्यसलाई तुरुन्त सच्याउन माग गरेका छन्।

'हामीले करलाई व्यवसायीमैत्री बनाऔं भनेर नगरपालिकामा धेरैपटक आग्रह गर्‍यौं, तर छलफलको वातावरण त कुरै छोडौं कुरा समेत सुन्न छोडेर एकोहोरो कर लाद्न थालिएको छ,' आचार्यले भने-'कुन कुराले उहाँहरुलाई यति निर्मम बनाएको छ, थाहा छैन। यो विषय नटुंग्याउने हो भने नगरपालिकाप्रतिको व्यवसायीको धारणा नकारात्मक र असहयोगी पनि बन्न सक्छ भन्ने कुरा उहाँहरुले समयमै बुझ्न जरुरी छ।'

» *बाँकी ३ पेजमा*




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ भदौ ०१, गते शनिबार

तपाईंका लागि...



**बिट्विन द लाइन्स्...**

हामी, जेलमा रहेकालाई थाहा भएको
एक मात्र कुरा
यहाँको भित्ता धेरै बलियो छ
र हरेक दिन वर्षजस्तो छ
त्यो वर्ष– जसका दिन लामा छन् ।

**ओस्कार वाइल्ड**

# म हराएको शहरमा तिमी नआउनु

**काशिनाथ गौतम**

भर्खर गाउँबाट शहर छिरेको एक युबा बाटो छिचोल्दै छिचोल्दै शहरको मध्य भागमा आइपुगेको छ । उसले गाउँको दुःख कष्ट बेदना सपना बोकेर शहर पसेको हुनु पर्छ । सुन्दर सपना उज्यालो भविष्य खोज्दै शहर पसेको छ । उसले सानोमा किताब पढ्दा थाहा पाएको थियो शहरमा सबै सुविधा छ । गाउँमा भन्दा धेरै सुविधा भएको कारण शहरमा भीडभाड बढेको भान हुन्छ । शहरका गल्ली देख्छ आलिसान भवनहरु देख्छ तर उसलाई थाहा छैन शहरको बाटो कस्तो छ । कसरी चलेको छ शहर उसलाई थाहा छैन । उसले देखेको छ । आफ्ना सुन्दर सपनालाई जीवनमा परिर्वतन गर्ने उसलाई थाहा छैन शहर हुनु र गाउँ हुनुमा फरक उसलाई यती मात्र थाहा छ सबै सुबिधा शहरमा छ । त्यही शहरमा आज उ एकलै आइपुगेको छ । त्यही शहरको बाटो हिंड्दा हिंड्दै कति मानिस हराइसके कतिले हिंड्दा हिंड्दै बाटो छिचोलेर उद्देश्यमा चुम्न सके कोही बाटो पत्ता लगाउन नसकेर बाटो बाट नै बेखबर बेपत्ता भए कती अधुरा सपना बोकेर गाउँ फर्किए यो शहरले कुनै लेखाजोखा गरेको छैन । के शहर गाउँ जस्तै छ ? आफैँलाई प्रश्न गर्छ । उसका दिन गन्ती सुरु भएका छन् । धुवाधुलोसँग चिनारी गर्दैछ ।

गाउँको सफा हावा शहरको धुलो हावा भन्ने बुझ्दैछ । गाउँको मूलको पानी शहरको जार बोतलको पानि भन्ने बुझ्दैछ । गाउँमा त्यसै बगेर खेर जाने पानि शहरमा बोतलमा ३० पर्दोरहेछ । गाउँमा छिमेकी अन्टीले भैंसीको दूध एक गिलास त्यसै दिने शहरमा १०० रुपैयाँ पर्दोरहेछ । गाउँमा गोठमा पाउने दूध शहरमा डेरी दुःध बुझ्दैछ । गाउँमा औचोपैचो शहरको नगद पैसा भन्ने कुरा बुझ्दैछ । उसले बिस्तारै शहर चिन्दैछ । बिहानको समयमा गाई, बाख्राको गोठालो हिंड्ने गाउँमा शहरमा कुकुरको गोठालो जाने बुझ्दैछ । गाउँमा महिला गुनियो चोलीमा देखेको उसले शहरमा नाइटो, तिग्र देखाउँदै हिडेको देख्दै छ । आज उसले आकाशे पुलमा बसेर चिहाइ रहेको छ । आज शहर गाउँको तुलना गर्दैछ, सबै ब्यस्त देख्छ आफूलाई हेर्छ । शहर सभ्य र सुस्कृत हुनु पर्ने थियो तर यहाँ अराजक र दण्डहिनता मौलाएको जस्तै देखिँदैछ । यहाँ मानिसको मूल्य रहिनछ ।

यहाँ पैसा नहुनेलाई पशुको व्यवहार गरिने रहिछ । हिजो गाउँबाट सँगै आएको साथीले साथी भुल्दो रहेछ । तिमिलाई गाह्रो केही भए सम्झनु भन्ने दाजुभाइ, इष्ट मित्र एकाएक सम्पर्कविहीन हुँदोरहेछन् । आज उसलाई आज कहाँबाट कहाँ ल्याई पुग्यौ, समयले गाउँमा हिंड्दाको बाटो र शहरको बाटो हिंड्दाको अनुभव बटुल्दै छ ।

कल्कलाउँदो उमेर, चढ्दो बैंशको रापले शहर छिरेको रनभुल्ल छ । कहाँ जाने, कसो गर्ने मान्छेहरुको ठेलमटेल भिड, श्वासप्रश्वासै रोकिने फोहरका थुप्रा, घरिघरि सडक जाम गराउँदै गुड्ने मन्त्री सांसदका गाडीहरु यहाँ उनीहरुलाई रोक्न सक्ने कोही छैन । हिजो गाउँमा नमस्कार गर्दै मलाई भोट दिएर जिताउनु होस् म गाउँको विकास गर्छु भन्दै हिंड्ने सांसद जितेसँगै गाउँ फर्किएका छैनन् । यही शहरको कुनामा हुनु पर्छ तीनिहरु, मलाई अब चिन्ने छैनन् ।

हिंड्दै पुगिने अँध्यारा गल्लीहरु, गल्लीमा फोहोरको थुप्रो, ओहोरदोहोर गर्ने जगल्टे, मुन्द्रे युवाहरु बेस्वादसँग दलिएका युवतिका ओठका राता लालीहरु, सडक पेटीमा चुरोट, चकलेट, कपडा बेच्न बसेका डाले र नाङ्ले पसलेहरु अनगिन्ती छन् ।

दृश्यजो बुझ्न् सक्दैनन्, चेतनाहरुले र अनुभव गर्न सक्दैनन् । मान्छेको भीड, भीडसँगै अभाव बढेको देखिन्छ, अभावले बढाएको छ अराजकता । काठमाडौं देशको राजधानी, हरेक नेपालीको सपना दर्दनाक शहर । त्यहि शहरमा विभिन्न जिल्लाबाट आफ्नो नयाँ जिन्दगी बाँच्नको लागि आउनेको एउटा परिवेश आफैँमा कहाँलिलाग्दो छ । मैले सुनेको छु, सरकार यहीं कतै छ रे । सरकार कस्तो हुन्छ, एक पटक हेर्ने रहर छ । मैले गाउँको दुःख सुनाउनु छ । बत्ती नभएको, अस्पताल नभएको, स्कुल नभएको, बाटो नभएको सबै सरकारलाई सुनाउनु छ । यो सरकार गरिबहरुको सरकार हो भन्ने सुनेको छु त्यसैले गरिबहरुका कुरा सुन्छ रे ।

ठूलो महलको साँगुरो कोठा, एउटै भान्छा, सुत्ने बेड बिस्तारा, कपडा छरपस्ट किताब कपि यत्रतत्र अलपत्र परेका छन्, किताबले उसलाई हेरिरहेको छ । कति दिनदेखि कोठामा खाना पाकेको छैन । कपडाहरु ढुसी परेका छन् । कोठाले उस्लाई गिज्याइ रहेको छ । भित्तामा झुडिको भित्ते पात्रो हेर्छ, शहर आएको महिनौ भइ सक्यौ । शहर हिंड्दै गर्दा आमाले भन्नु भएको सम्झन्छ-"छोरा त्यो शहर हामी जस्तो गरिबको लागि हैन, हामी अटाउँदैन ।" जसोतसो यतै खाउँला, यतै बसेर पढौंला भनेको आज जस्तो लाग्छ । एकाएक दिमाखमा सल्बलाउँछ । धेरै कुरा सौँच्न बाध्य बनाउँछ । निदाउन चाहान्छ, निदाउन सक्दैन । कोठामा एकलै पल्टिरहेको छ । सपनासँग पौठाजोरी खेल्दैछ । सौँचेको सपना सपनामा सीमित रहनेहो यात सपनाले पनि केही मार्गदर्शन गदर्छ । यस्तै यस्तै मनमा खेलिरहेको छ ।

हुनत यहाँ जति बोल्न जति सजिलो छ पढ्न त्यती नै गाह्रो छ । पढ्न जति सरल त्यसलाई व्यवहारमा उर्तान त्यती नै गाह्रो हुँदोरहेछ । काम गर्दा त्यती नै दुःख झेल्नु पर्दोरहेछ । आखिर जीवन तीन घण्टे फिल्म पनि त होइन रहेछ, त्यति सजिलै जिउन सकिने । नत यहाँ फिल्ममा जस्तो देखिने परिर्वतन नै भएको छ । त्यसैले त मनभित्र असाध्यै धेरै कुराहरु खेल्दोरहेछ । दिमाग भित्र अनेकन विचारहरु सल्बलाउँदा रहेछन् । मन र मस्तिष्कका ती सबै बहुरुपी, बहरङ्गी र भावना र विचारहरुलाई आत्मसात गरेर सुन्दर जीवनमा सजाउन आफैँभित्र अनेक बाधा, व्यवधान र चुनौतीहरु छिचोल्दै र सामाना गर्ने इच्छाशक्ति, विचार र योजनालाई अरुले देखाएर र डोर्याएर सफल र सार्थक जीवन चुम्न नसकिदो रहेछ । खान, पिउन, बस्न र सुत्न पाएर मात्र जीवनलाई नपुग्दो रहेछ । यी त हरेक जीव जन्तुले पाउँछन् मानिसलाई त स्वतन्त्रता चाँहिदो रहेछ । स्वतन्त्रता भित्र माया ममता सदभाव सदविचार र सम्मान पनि नभइनहुँदो रहेछ । आखिर शहर र गाउँमा के परिर्वतन पाउन सकिन्छ । इच्छा शक्ति र चाहानाले मात्र सबै कुरा पूरा हुन नसक्दो रहेछ ।

बिहानको चिसो चिसो मौसम मानिसहरुको चहलपहल बढ्न थालेको छ । रोडको साइटमा ठेला राखेर बसेका पसलमा मानिसको भीड बढ्दो छ । मानिसको गाइगुइ सुरु भएको छ । मानिसको व्यस्तता बढेको छ । केही थरी मानिसको बिहानदेखि साँझसम्म चर्चा, त्यही राजनीतिक दलको बुढाहरुको पक्ष विपक्षमा राजनीति गफ गर्छन्, मान्नु सरकारले उनीहरुलाई गफ गर्नको लागि मात्र तलब भत्ता दिएर राखेको छ । एक अर्काप्रति रोस पोख्दछन् । मानौ यहाँका जनताको खेती नै राजनीतिक हो ।

यही राजनीतिले उनीहरुले पेट पालिरहेका छन् । यहाँ राजनीतिलाई दुहुनो गाई बनाएर पेट पाल्नेहरुको ठूलो भीड छ । सबैको हातमा पत्रिका देखिन्छ । पत्रिकाका अगाडि पेजमा भ्रष्टचार, बलत्कार हेड लाइन बनाइएको छ । यहाँ हिजो आज शहरमा हत्या, हिंसा, बलत्कार सामान्य भैसक्यौ, भ्रष्टचार गर्नु, बलात्कार गर्नु कुनै नौलो घटना होइन । जनतालाई सामान्य लाग्न थालिसकेको छ । शहरमा लाजसरम, नैतिकता हराइसकेको जस्तो देखिन्छ । नैतिकता, इमान्दारिता केबल शब्दमा मात्र रहेको छ । यती हुँदा पनि शहर आउनेको भीडभाड बनेको छ । उ पनि त्यही भीडभाडमा हजारौं सपना बोकेर भौतारीरहेको छ । कहिलेसम्म त्यो भीडमा रहने हो, उ आफैँलाई थाहा छैन ।

आमालाई घर फोन गरेर भन्छ-आमा मैले सौँचेजस्तो रहेनछ, शहर । गरिबको लागि त शहर जहर नै रहेछ । स्वार्थले भरेको शहर रहेछ । मानवता हराएको रहेछ । यो मानवता हराएको शहरमा मैले कसरी आफूलाई राख्न सक्छु । आज मेरा सपना हराएका छन् । आमा तपाईंको खुसी लिन आएको म आफैँभित्र हराएको छु ।

गाउँको दुःख मेटाउँछु भनेर शहर आएको म झन धेरै दुःख झेलिरहेको छु । म यति ठूलो शहरमा एकलो भएको छु, शहर आएसँगै मैले आफैँलाई चिन्ने मौका पाएँ, त्योभन्दा बढी आफन्तलाई चिन्ने मौका पाएँ, आफ्नो हैसियत थाहा पाएँ, पैसाको मूल्य थाहा पाएँ, मैले शहरको पानीको मूल्य थाहा पाएँ, हावाको महत्व थाहा पाएँ । आमा तपाईंले भनेजस्तै यो शहर हाम्रो लागि बनेको रहेनछ । मलाई माफ गर अब तिम्रो शहर आउने छैन ।

---

**शारदा**

# शहदत हसन मन्टो

**अनुवाद: जंगबहादुर शाह**

*(मन्टो पाकिस्तानी चर्चित कथाकार हुन् । मान्छेको हृदयको अन्तर कुन्तर खोतलेर सर्वाङ्ग गराइदिने उनका कथाहरुले अवचेतन मन, मानवीय स्वभावका अनेक आयाम र बनावटी यथार्थलाई उजागर गरिदिन्छ । यो कथा पवित्र नारी भावना र पुरुषको स्वार्थीभावबीचको अन्तरविरोधको बेजोड प्रस्तुति हो ।)*

ठुलो हुलाकदेखि अलि अगाडि, बन्दरगाह (पोतपत्तन्)को फाटकभन्दा अलि यता सिगरेटवालाको दोकानबाट नजीरलाई स्काच् (व्हिस्की) उचित मोलमा उपलब्ध हुन्थ्यो । जब त्यसले पैतीस रुपैयाँ तिरेर कागतले बेरिएको बोतल समात्यो तब, त्यसबेला दिनको एघार बजेको थियो । त्यसको बानी सामान्यतया राती तन्काउने थियो तर मौसम मनभावन भएकोले चाह्यो कि बिहानदेखि नै सुरु गरी रातीसम्म पिइरहोस् ।

बोतल हातमा समातेर त्यो प्रसन्न मुद्रमा घरतिर लम्कियो । त्यसको इरादा बोरीबन्दरको स्ट्याण्डदेखि ट्याक्सीमा बसी एक पेग पिउने र हल्का नशाको हालतमा घर पुग्ने थियो । पत्नीले बर्जना गर्दा त्यसले, "हेर ! मौसम कति राम्रो छ" भनी घटिया किसिमको यस्तो शेर सुनाउने विचार गर्‍यो–

"की फरिश्तों की राह अब न बन्द
जो गुनाह कीजिए सवाब है आज ।"

(देवदूतहरुको बाटो बादलले बन्द गरिदियो । (त्यसकारण) आज जस्तोसुकै दुष्कर्म गरे पनि त्यो सत्कर्म हो ।)

त्यसले सोच्यो कि पत्नी केही बेर बर्बराउनेछिन् र त्यसपछि तिनले मैले चाहे अनुसार कीमाको परौठा पकाउन सुरु गर्लिन् ।

त्यो लगभग बीस-पच्चीस पाइला मात्र हिंडेको थियो कि एउटा मानिसले त्यसलाई सलाम गर्‍यो ।

नजीरको स्मरणशक्ति कमजोर थियो । त्यसले सलाम गर्ने मानिसलाई चिनेन तर, प्रकट हुन भने दिएन । त्यसले शिष्टाचारवश भन्यो– "कसो भाइ, कहाँ हुन्छौ तिमी ? कहिल्यै देखिन्नौ ।"

त्यस मानिसले मुस्कुराउँदै भन्यो– "हजुर, म त यतै छु, बरु तपाईं नै कहिल्यै आउनुभएन ।"

नजीरले तब पनि त्यसलाई चिन्न सकेन तर भन्यो– "म अब त आएँ नि !"

"त्यसो भए हिंड्नुहोस् मसँग ।"

त्यसबखत राम्रो मूड (मनोदशा)मा रहेको नजीरले भन्यो– "जाऊ त !"

त्यो मान्छेले नजीरको हातमा बोतल देखेर अर्थ्याउने तरिकाले मुस्कुराउँदै भन्यो– "बाँकी सामान त तपाईंसँग छन् ?"

नजीरले तुरुन्तै जानिहाल्यो कि मानिस (वेश्याको) दलाल हो । त्यसले सोध्यो– "तिम्रो नाम के हो ?"

"कसरीम....बिर्सनु भयो ?"

नजीरलाई याद आयो कि त्यसको विवादपूर्व करीम त्यसका लागि राम्रा-राम्रा केटीहरु ल्याउँदथ्यो । करीम बडा इमान्दार दलाल थियो । ध्यानपूर्वक हेर्दा अनुहार परिचितजस्तो लाग्यो । त्यसपछि त सारा घटनाक्रम त्यसका मानसपटलमा प्रकट हुन थाले । त्यसले करीमसँग क्षमा-याचना गर्दै भन्यो– "यार ! मैले तिमीलाई चिन्न सकेको थिइँन । मेरो विचारमा हाम्रो देखभेट नभएको छ वर्ष भयो होला ।"

"हजुर ।"

"तिम्रो अड्डा त पहिले ग्रान्ड रोडको चोक हुन्थ्यो नि ।"

करीमले बीडी सल्काएर अलि गर्वका साथ भन्यो– "त्यो मैले छाडिदिएँ । तपाईंको आशीवार्दले अब यहाँ एउटा होटलको धन्धा सुरु गरेको छु ।"

नजीरले प्रशंसा गर्दै भन्यो– "यो तिमीले धेरै राम्रो काम गर्‍यौं ।"

करीमले थप गर्वोक्तिसाथ भन्यो– "दसजना केटी छन्.....एउटी त एकदम नयाँ छ ।"

नजीरले जिस्क्याउने पारामा भन्यो– "तिमीहरु यस्तै भन्ने गर्छौ ।"

करीमले नराम्रो मान्दै भन्यो– "कसम कुरानको......मैले कहिल्यै झुट बोलिनँ । त्यो केटी एकदम नयाँ नमए सुंगुरको मासु खानु ।" (मुसलमानहरु सुंगुरलाई एकदमै अपवित्र मान्दछन् ।) त्यति भनेर त्यसले नजीरको कानमा मुख लगेर भन्यो– "पहिलो ग्राहक आएको आठ दिन भयो । झुट बोलेको भए मेरो मुख कालो होस् ।"

नजीरले सोध्यो– "कुमारी थिई ?"

"हजुर ! त्यो पहिलो सवारले दुईसय रुपैयाँ दिएको थियो ।"

नजीरले करीमका पासुलामा कुइनोले सुस्तरी हान्दै भन्यो– "तिमील् त यस्तै भाउ तय गर्न थाल्यौ ।"

करीमलाई नजीरका कुरा फेरि रुचेन । त्यसले भन्यो– "तिमीले त यतै भाउ तय गर्न थाल्यौ ।"

करीमलाई नजीरका कुरा फेरि रुचेन । त्यसले भन्यो– "कसम कुरानको । त्यो सुंगुर होस् जसले तपाईंसँग भाउ पक्का गरोस् । तपाईंको सवारी चलोस् । तपाईंले जे-जति दिनुहोला, मलाई कबुल होला....करीमले तपाईंको धेरै नून खाएको छ ।"

नजीरका गोजीमा त्यस समय साढे चारसय रुपैयाँ थिए । मौसम राम्रो थियो, मूड पनि राम्रो थियो । त्यसको कामना गर्‍यो कि त्यो छ वर्षपहिलेको जमानामा पुगोस् । त्यो नपिइकनै मस्त भयो । त्यसले भन्यो– "जाऊँ यार ! आज फेरि तमाम मोजमस्ती होऊन् । तर, अरु एक बोतलको व्यवस्था हुनुपर्छ ।"

करीमले सोध्यो– "कतिमा ल्याउनुभयो यो बोतल ?"

"पैतीस रुपैयाँमा ।"

"कुन ब्राण्ड हो ?"

"जोनी वोकर ।"

करीमले छाती ठोक्दै भन्यो– "म तपाईंलाई तीसमा ल्याइदिन्छु ।"

नजीरले दस-दसका तीनओटा नोट झिकेर करीमलाई दिंदै भन्यो– "नेकी और पूछपूछ । (राम्रो काम पनि सोधी-सोधी गर्ने हो ।) यी लौ ! मलाई होटलमा बसालेर पहिलो काम यही गर्नू । तिमीलाई थाहा छ कि म यस्ता अवसरमा एक्लै पिउँदिनँ ।"

करीमले मुस्कुराउँदै भन्यो– "अनि तपाईंलाई याद होला, म डेढ पेगभन्दा धेरै पिउदिँन ।"

नजीरलाई याद आयो कि करीम छ वर्ष पूर्व मात्र डेढ पेग लिने गर्थ्यो । त्यसले मुस्कुराउँदै भन्यो– "आज दुई होऊन् ।"

"हुन्न, दुई पेगभन्दा एक थोपो पनि धेरै नाइँ ।"

करीम एउटा थर्ड क्लास बिल्डिङनेर रुक्यो जसको एउटा कुनामा मैलाजस्तो बोर्डमा लेखिएको थियो– 'म्यारीना होटल ।' नाम राम्रो भए तापनि भवन एकदम फोहरी । सिँढी टुटेफुटेको । भुँइतल्लामा ब्याजखौवा पठान (अफगानिस्तान निवासी) ठूल्ठूला शलवार लगाएर खाटमा लेटेका थिए । पहिलो तल्लामा क्रिस्तान आयाहरु (परिचारिकाहरु) देखिन्थे र दोस्रो तल्लामा पानी जहाजका असंख्य खलासी । तेस्रो तल्लामा 'म्यारीना होटल' थियो र चौथो तल्लाको कुनाको कोठा करीमको थियो जहाँ अनेक केटीहरु कुखुरीझैँ आफ्ना खोरमा बसेका थिए ।

करीमले होटल-मालिकसँग साँचो मगाएर तेस्रो तल्लाको एउटा ठूलो तर, अछन्दको कोठा खोल्यो जसमा एउटा फलामे खाट, एउटा कुर्सी र एउटा त्रिपाइ विद्यमान थिए । त्यो कोठा तीन तर्फबाट खुलेको थियो । अनेक झ्याल थिए जसका शीशा टुटेका थिए ।

करीमले एकदमै मैला आरामकुर्सीलाई, कुर्सीभन्दा पनि मैला कपडाले सफा गर्‍यो र नजीरलाई बस्न भन्यो । अनि भन्यो– "तर, यस कोठाको भारा दस रुपैयाँ लाग्नेछ ।"

नजीरले कोठालाई ध्यानपूर्वक हेर्दै भन्या– "दस रुपैयाँ धेरै भयो यार !"

करीमले भन्यो– "निकै धेरै हो तर, के गर्ने ! साला होटलको मालिक बरनिया हो । त्यसले एक पैसा पनि कम गर्दैन । अनि नजीर साहेब ! मौज-शोक गर्नेले पनि कम-बेसीको पर्वाह गर्दैनन् ।"

नजीरले केही सोचेर भन्यो– "तिमी ठीक भन्दैछौ.......भारा पेस्की दिउँ ?"

"होइन ! पहिले तपाईं केटी त हेर्नुहोस्" भन्दै त्यो कोठाबाहिर गयो ।

अलिबेरपछि त्यो फर्केर आयो । त्योसँग अत्यन्त लजालुजस्ती एउटी केटी थिई, घरेलु किसिमकी हिन्दु केटी जसले सेतो धोती पहिरेकी थिई । उमेर लगभग चौध वर्ष । त्यो राम्री त थिइन तर, भोलीभाली भने थिई ।

करीमले केटीसँग भन्यो– "बस ! यी साहेब मेरा मित्र हुनुहुन्छ, बिल्कुल आफ्ना मान्छे ।"

केटी नजर झुकाएर फलामे खाटमा बसी ।

"सन्तोष हुन्छ कि हुँदैन, सोंच्नुहोला नजीर साहेब । म गिलास लिन गएँ" भन्दै करीम बाहिरियो ।

करीम गएपछि नजीर आरामकुर्सीबाट उठेर केटीनिर गईबस्यो र आफ्नो छ वर्षअगिको पुरानो शैलीमा सोध्यो– "तपाईंको नाम ?" केटीले जवाफ दिइन । नजीरले अलि अगि सरेर त्यसका हात समात्दै फेरि सोध्यो– "तपाईंको नाम के हो महोदया ?"

केटीले हात छोडाउँदै भनी– "शकुन्तला ।"

नजीरलाई त्यो शकुन्तला याद आई जसउपर राजा दुष्यन्त मोहित भएको थियो । त्यसले भन्यो– "मेरो नाम दुष्यन्त हो ।" त्यो वासनापूर्तिका लागि पूरा तवरले तम्सिएको थियो । केटी त्यसका कुरा सुनेर मुस्कुराईं । त्यत्तिकैमा करीम आइपुग्यो । उसले नजीरलाई सोडाका चारओटा बोतल देखायो जो चिसो हुनाले पसिना काढिरहेका थिए । उसले भन्यो– "मलाई याद छ कि तपाईं रोजर्जका सोडा मन पराउनुहुन्थ्यो ।

» *बाँकी ३ पेजमा*

---

**कविता**

## यो भेट अन्तिम पनि हुन सक्छ

**ऋषिराम भुसाल**

मेरा प्रियजन !
धेरै धेरै मौका
र धेरै धेरै प्रयासहरुको संयोग भएको छ
यात्राको देउरालीमा हाम्रो भेट भएको छ ।
फेरी अर्को भेटका लागि
मौका मिल्ला नमिल्ला
ठेगान छैन यो जिन्दगीको
आउने दिनमा जिन्दगीले कहाँ
कहाँ पुर्‍याउने होला
त्यसैले एकैछिन धैर्य गर
आउँ, धक फुकाएर कुरा गरौं
दिल फुकाएर माया गरौं
यो भेट अन्तिम पनि हुन सक्छ

हामी त लामो आयु बाँच्न चाहन्थ्यौ
यो दिन र रातले रंगाएको धर्ती
सुख र दुःखले सिँगारेको यो प्रीति
मिलनको सुख, जिउनुको आनन्द
सयौं सयौं वर्ष भोग्न चाहन्थ्यौ
हामी त लामो आयु बाँच्न चाहँन्थ्यौ

सपना र जपनामा सुन्दर भविष्य सजाएर
हिँडिरहेछौँ आशाको दियो बालेर
तर छैन भरोसा कसैका जिन्दगीको
हाम्रो आकांक्षा नबुझ्ने थुप्रै नियमहरु
हाम्रो प्रार्थना नसुन्ने असङ्ख्य शक्तिहरु
हामीमाथि चक्कर मारिरहेछन्–
हामी छिट्टै निभ्न पनि सक्छौँ
केही पल बल्न पनि सक्छौँ
त्यसैले ए मेरा प्रियजन !
धन्य छ हाम्रो भेट !
अहिलेको यो दिव्य क्षण !
एउटा उत्सव ! एउटा संयोग !
आऊ, यसको जय जयकार गरौं
एकै छिन धैर्य गर
धक फुकाएर कुरा गरौं
दिल फुकाएर माया गरौं
यो भेट अन्तिम पनि हुन सक्छ ।

बरु थोरै बेर नै किन नहोस्
गाँठो परेका तिम्रा आँखीभुई खुला गर
बिच्केका ओठहरुमा मुस्कान खेल्न देउ
शान्त गर यो खल्बललाई
बिर्सिदेउ सारा रिसरागहरु
एकैछिन सुस्तरी सास फेर
मिलनको यो फूलबारीमा
प्रेमपूर्वक एकअर्कालाई अंकमाल गरौं
जीवन्त हुनुको खुसियालीमा
श्रद्धापूर्वक एकअर्कालाई
अभिवादन गरौं
एकैछिन धैर्य गर
आऊ, धक फुकाएर कुरा गरौं
दिल फुकाएर माया गरौं
अन्तिम पनि हुन सक्छ यो भेट ।

*(रचनाकाल: २०५० भाद्र २०)*

# शहदत हसन मन्टो...

मेले बरफमा राखिएका रोजर्जका सोडा नै ल्याएको छु।"

नजीरले खुशी हुँदै भन्यो– "तिमी कमाल गर्दछौ करीम।" त्यति भनेर त्यसले केटीसँग सोध्यो– "भद्रे ! तपाईं पनि लिनुहुन्छ ?" केटीले केही भनिन, बरु करीमले जवाफ दियो– "नजीर साहेब ! यो पिउदिन। दसै दिन त भएको छ यो यहाँ आएको।"

नजीरले अफसोस प्रकट गर्दै भन्यो– "यो त बहुतै नराम्रो कुरा हो।"

करीमले जोनी वोकरको बोतल खोलेर नजीरका लागि एउटा ठूलो पेग बनायो र आँख मार्दै भन्यो– "तपाईं यसलाई मनाउनुहोस्।"

नजीरले एकै सासमा गिलास खाली गरिदियो। करीमले आफ्नो पेग तन्काइनासाथ त्यसको आवाज मदमस्त भयो। त्यसले झुकेर नजीरसँग सोध्यो– "केटी त मन परी तपाईंलाई ?"

नजीर असमञ्जसको स्थितिमा थियो। त्यसले कुनै निर्णय लिन सकेन। त्सले शकुन्तलालाई ध्यानपूर्वक हेर्‍यो। त्यसको नाम शकुन्तला नहुँदो हो त सम्भवतः त्यसले केटीलाई मन पराइहाल्थ्यो। त्यो शकुन्तला, जसउपर मृगयाका दुष्यन्त मोहित भएका थिए, अत्यन्त रुपवती थिई। कमसेकम किताबमा त यस्तै लेखिएको छ कि त्यो सूर्यमुखी-चन्द्रवती मृगनयनी थिई। त्यसले फेरि शकुन्तलातिर हेर्‍यो। त्यसका आँखा नराम्रा थिएनन्। त्यो मृगयनी पनि थिइन। तर, त्यसका आँखा त्यसका आफ्ना आँखा थिए– कालाकाला, ठूलाठूला।

त्यसले फेरि शकुन्तलातिर हेर्‍यो। त्यसका आँखा नराम्रा थिएनन्। त्यो मृतनयनी पनि थिइन। तर, त्यसका आँखा त्यसका आफ्ना आँखा थिए– कालाकाला, ठूलाठूला।

त्यसले अरु केही सोचन र करीमसँग सोध्यो– "भन सौदा कतिमा तय हुन्छ ?"

करीमले आफ्ना लागि आधा पेग खन्याउँदै भन्यो– "सय रुपैयाँ।"

नजीरले त्सपछि केही नसोचीका भन्यो– "दिएँ।"

आफ्नो आधा पेग तन्काएर करीम गइहाल्यो। नजीरले उठर ढोका बन्द गरिदियो। त्यो शकुन्तलानजिक बस्दा उसले आत्तिएको जस्तो गरी। त्यसले म्वाइँ खाँदा र चाट्दा त्यो जुरुक्क उठी। नजीरलाई शकुन्तलाको त्यस्तो व्यवहार राम्रो लागेन। तर, त्यसले पुनः प्रयास गर्‍यो। पाखुरा समातेर शकुन्तलाई आफूनेर बसाल्यो र बलात् चुम्यो। निकै निरानक्द सिलसिला थियो त्यो। तर, जोनी वोकरको नशा भने राम्रो थियो। त्यसलाई अफसोस भयो कि महँगो माल, राम्रो नशा हुँदा पनि, काम नलाग्ने भएको छ। शकुन्तला एकदमै अल्लारे थिई। उसलाई यस्तो कार्यव्यापारमा गर्नुपर्ने व्यवहारको ज्ञान नै थिएन। नजीर एउटा अनाडी पौडीबाजसँग बेकारमा यताउती हातखुट्टा चलाइरहेको थियो। अन्ततः त्यो दिक्दार भयो।

ढोका खोलेर त्यसले करीमलाई पुकार्‍यो। करीमले लम्कँदै आएर सोध्यो– "के भयो नजीर साहेब ?"

नजीरले निकै निरशा भएर भन्यो– "केही होइन यार ! यो केटी मेरी कामकी छैन।"

"किन ?"

"केही बुझ्दिन।"

करीमले शकुन्तलालाई एकातिर लगेर निकै सम्झायो, त्यसले केही बुझ्न सकिन र लजाउँदै, धोती समाल्दै कोठाबाट बाहिर निस्किहाली।

करीमले भन्यो– "म भर्खरै उपस्थित भएँ।"

नजीरले उसलाई टोक्दै भन्यो– "जान देऊ यार ! कुनै अर्की केटी ल्याऊ।" त्यति भनेर त्यसले एक्कासि अर्कै कुरा सोच्यो र भन्यो– "जो रकम मैले तिमीलाई दिएको थिएँ त्यसबाट एउटा जोनी बोकर लिएन आऊ र शकुन्तलाबाहेक जति केटीहरु यस समय उपस्थित छन्, ती सबलाई यता पठाइदेऊ, भन्नुको अर्थ रक्सी खाने केटीहरु। आज अरु कुनै काम हुँदैन, कुराकानी मात्र गर्नेछु।"

करीमले, नजीरलाई राम्ररी जान्दथ्यो। उसले चारजना केटीहरु कोठामा पठाइदियो।

नजीरले ती चारैजनालाई सरसरती हेर्‍यो। त्यसले फैसला गरिसकेको थियो कि अब पिउने कार्यक्रम मात्र हुनेछ।

त्यसले केटीहरुका लागि गिलास मगायो र तिनीहरुसँग बसेर पिऊन थाल्यो। दोपहरको खाना होटलबाट मगाएर ती केटीहरुका साथ खायो र साँझ छ बजेसम्म कुराकानी गरिरह्यो, निकै निरर्थक किसिमका कुराकानी। तर, त्यो खुशी थियो कि जो दुःख शकुन्तलाले दिएकी थिई, त्यो तिरोहित भइसकेको थियो।

जोनी वोकरको बोतल आधा बचेको थियो। त्यसलाई साथ लिई त्यो घर गयो।

पन्ध्र दिनपछि फेरि मौसमका कारण त्यसले चाह्यो कि त्यो दिनभरि पिइरहोस्। चुरोटवालाको दोकानबाट किन्नुको साटो त्यसले सोच्यो कि करीमलाई भेटे बेस होला किनकि त्यसले तीसमा ल्याइदेला।

त्यो म्यारीना होटल पुग्योय। संयोगवश करीम मौजूद थियो। भेट हुनासाथ करीमले साउती गरेर भन्यो– "करीम साहेब ! शकुन्तलाकी दिदी आएकी छ। आजै बिहानको गाडीले आइपुगेको हो। निकै हठीली छ तर, तपाईं त्यसलाई राजी गर्न सक्नुहोला।" नजीरले केही सोच्न सकेन। त्यसले मनमनै भन्यो– "यसलाई पनि हेरिहालौं।"

त्यसले करीमसँग भन्यो– "यार, तिमी पहिले जोनी वोकर लिई आऊ।" त्यसले खल्तीबाट तीस रुपैयाँ झिकेर करीमलाई दियो। करीमले नोट लिएर नजीरसँग भन्यो– "म बोतल लिएर आउँछु, तपाईं भित्र कोठामा बस्नुहोस्।"

नजीरसँग जम्मा दस रुपैयाँ बचेको थियो तर, त्यो कोठा खोलाएर बस्यो। त्यसले सोचेको थियो कि जोनी वोकर आएपछि त्यो शकुन्तलाकी दिदीलाई एक नजर देखेर बाहिरिनेछ र करीमलाई दुई रुपैयाँ दिएर बाटो लाग्नेछ।

तीनतिरबाट खुल्ला, हावादार कोठामा अत्यन्त मैलो आरामकुर्सीमा बसेर त्यसले चुरोट सल्कायो र टाँग फैलाइदियो। अलिबेरपछि आहट भयो र करीम भित्रियो। उसले नजीरको कानमा साउती गर्‍यो– "नजीर साहेब ! आउँदैछ। तपाईंले नै त्यसलाई वशीभूत गर्ने हो।" त्यति भनेर गर्‍यो।

लगभग पाँच-सात मिनेटपछि एउटी केटी, जसको जिउडाल र अनुहार लगभग शकुन्तलाको जस्तै थियो, निधारमा गाँठो पारी, शकुन्तलाले लगाउने जस्तै सेतो धोती लगाएकी, कोठाभित्र पसी। उसले झारा टार्ने पारामा हातलाई निधारतिर लगेर आदाब (नमस्ते) गरी र पलंगमा बसी।

नजीरलाई लाग्यो कि ऊ त्योसँग लड्न आएकी हो। तैपनि त्यसले छ वर्ष पहिलेको जमानामा डुबुल्की मार्दै सोध्यो– "तपाईं शकुन्तलाकी दिदी हुनुहुन्छ ?"

उसले अलि चर्को र रिसाएको स्वरमा भनी– "ज्यू।"

नजीर खामोश भयो। त्यसले त्यो केटीलाई, जसको उमेर शकुन्तलाको भन्दा, शायद, तीन वर्ष अधिको थियो, ध्यानपूर्वक हेर्‍यो। नजीरको त्यस्तो चाला केटीलाई राम्रो लागेन। उसले निकै जोरसँग टाँग हल्लाउँदै सोधी– "तपाईं मसँग के भन्न चाहनुहुन्छ ?"

नजीरले छ वर्ष पुरानो मुस्कुराहट ल्याउँदै भन्यो– "जनाब ! तपाईं मसँग यसरी किन रिसाएकी ?"

उसले ओकली त हाली– "म किन नरिसाउने ? यो तपाईंको करीमले मेरी बहिनीलाई जयपुरदेखि उडाइल्याएइको हो। तपाईं भन्नुहोस्, मेरो खून नउम्लने। थाहा भयो कि मेरी बहिनीलाई तपाईंका लागि पनि पेश गरिएको थियो।"

नजीरको जिन्दगीमा यस्तो समस्या कहिल्यै आइलागको थिएन। अलिबेर सोचेर बडो इमान्दारीसाथ भन्यो– "शकुन्तलालाई देख्ने बित्तिकै मैले सोचिसकेको थिएँ कि त्यो मेरो कामलायक छैन, निके अल्लारे छ। मलाई यस्ता केटीहरु मन पर्दैनन्। तपाईंलाई, शायद, नराम्रो लाग्ला तर त्यो वास्तविकता हो कि म ती आइमाईहरुलाई मन पराउँछु जो मर्दका आवश्यकताबारे जान्दछन्।"

त्यो खामोश रही। नजीरले सोध्यो– "तपाईंको नाम ?"

संक्षिप्त उत्तर आयो– "शारदा।"

नजीरले फेरि सोध्यो– "तपाईंको वतन ?"

"जयपुर।" त्यसको स्वर औधी तीखो र क्रोधयुक्त थियो।

नजीरले मुस्कुराउँदै भन्यो– "हेर्नुहोस्, तपाईं मसँग रिसाउने कुनै अधिकार छैन। करीमले यदि कुनै ज्यादती गरेको छ भने तपाईं त्यसलाई सजार दिनसक्नुहुन्छ। भन्नुस त यसमा मेरो के कसूर ?" त्यति भनेर त्यो उठ्यो र एक्कासि शारदालाई आफ्नो आलिंगनमा अँट्ठ्यायो र त्यसको ओठ चुम्दै भन्यो– "बरु त्यस अपराधको दण्ड म भोग्न तयार छु।"

शारदा केही बोल्न सकिन। त्यसको अनुहारमा असंख्य परिवर्तन प्रकट भए। उसले पनि केही त्यो उठेर खडा भई तर, तुरुन्तै बसी।

नजीर उसलाई हेरिरहेको थियो र भन्न चाहन्थ्यो– "भन्नुहोस्, तपाईं मलाई कस्तो दण्ड दिन चाहनुहुन्छ" तर, त्यत्तिकैमा माथिबाट कुनै बच्चा रोएको आवाज आयो। शारदा उठी। नजीरले उसलाई रोक्दै सोध्यो– "कहाँ जाँदैहुन्छ तपाईं ?"

"मेरी छोरी रुँदैछ दूधका लागि।" ऊ एकदम आमा भई र कोठाबाट बाहिरिई।

नजीरले शारदाबारे सोच्ने प्रयास गर्‍यो तर, सोच्न सकेन।

अलिबेरमा करीम आइपुग्यो जोनी बोकेर, सोडा र गिलासका साथ। उसले आफ्ना र नजीरका लागि पेग बनायो र नजीरसँग गाँठी कुरा सोध्यो भन्यो– "कुनै कुरा भए शारदासँग। मैले त सोचेको थिएँ कि तपाईंले उसलाई फकाइसक्नुभयो होला।"

नजीरले मुस्कुराउँदै भन्यो– "निकै रिसाहा आइमाई रहिछ।"

"हजुर, बिहान आएकी हो र अहिलेसम्म मेरो ज्यान खाइसकी। तपाईं त्यसलाई अलि काबू गर्नुहोस्। सत्तेसत्ते शकुन्तला यहाँ आफै आएकी हो। त्यसका बाउले त्यसकी आमालाई छाडिसकेको छ। शारदाको खिस्सा पनि यस्तै छ। बिहे भएको केही महिनापछि त्यसको पति त्यसलाई छाडेर अल्ला जाने कता बिलायो। अब त्यो आफ्नी सानी छोरीका साथ आफ्नी आमासँग बस्दिछ। कृपया कसैगरी त्यसलाई फकाउनुहोस्।"

नजीरले भन्यो– "यसमा मनाउने कुराको के अर्थ !"

करीमले आँख मार्दै भन्यो– "साली मसँग त मान्दिन.....आएदेखि हप्काइरहेकी छ।"

त्यत्तिकैमा शारदा आफ्नी एक वर्षकी छोरीलाई च्यापेर कोठामा पसी। त्यसले क्रोधपूर्वक करीमतिर हेरी। करीमले छिटोगरी आफ्नो पेग तन्कायो र बाहिर गयो।शारदाकी छोरीलाई कडा रुघा लागेको थियो। त्यसको नाकबाट अत्याधिक सिगान बगिरहेको थियो। नजीरले करीमलाई बोलायो र उसलाई पाँच रुपैयाँको नोट दिँदै भन्यो– "जाऊ, विक्स लिई आऊ !"

"हुन्छ" भनेर करीम गयो।

नजीरले अब बच्चातिर ध्यान दियो। उसरी पनि साना नानीहरु त्यसलाई मन पर्थे। बच्ची राम्री त थिइन तर, शैशवानस्थाका कारण चित्ताकर्षण भने थिई। त्यसले बच्चीलाई आफ्नो काखमा लियो र जसलाई त्यसकी आमाले सुताउन सकेकी थिइन, त्यसको कपाल सुस्त-सुस्त सुम्सुमाउँदै त्यसलाई सुताइदियो र शारदासँग भन्यो– "स्यानीकी आमा त म हुँ।"

शारदाले पहिलोपल्ट मुस्कुराउँदै भनी– "ल्याउनुहोस् म मुन्नी (नानी)लाई माथी छोडेर आउँछु।"

केही मिनेटपछि त्यो फर्केर आई। त्यसको अनुहारमा रिसको लक्षण थिएनन्।

नजीर उठ्यो र शारदानेर बस्यो। केहीबेर खामोश रहेर त्यसले भन्यो– "के तपाईं मलाई आफ्नो पति हुने अनुमति दिनुहुन्छ ?" र शारदाको उत्तरको प्रतीक्षा नगरीकन उसलाई आफ्नो छातीमा टाँस्यो। शारदा रिसाइन।

नजीरले भन्यो– "जवाप दिनुहोस्, जनाब !"

शारदा खामोश रही। नजीरले एक पेग बनाउँदा शारदाले नाक खुम्च्याउँदै भनी– "रक्सीलाई म अति घृणा गर्दछु।"

नजीरले पेगमा सोडा हाल्दै भन्यो- "तपाईंलाई रक्सीसँग धेरै घृणा छ तर, किन ?"

शारदाको संक्षिप्त उत्तर थियो– "छ त छ।"

"तर, आजदेखि हुनेछैन.....यो लिनुहोस्।" त्यसले गिलास शारदातिर लग्यो।

"म कदापि लिन्नँ।"

"अनि म भन्दछु, तिमीले कुनै पनि हालतमा इन्कार गर्नेछैनौ।"

शारदाले गिलास समाती। अलिबेर उसले गिलासलाई विचित्र दृष्टिले हेरिरही। त्यसपछि उसले आँखामा विवशता प्रकट गर्दै नजीरतिर हेरी र बायाँ हातले नाक थुनेर गिलास रित्याइदिई। उसलाई वाक्-वाक् लागे पनि आफूलाई सम्भाली। त्यसपछि उसले धोतीको छेउले रसाएको आँखा पुछेर भनी– "यो प्रथम र अन्तिम पटक हो। तर, मैले किन पिएँ !"

नजीरले त्यसका गीला ओठ चुम्यो र भन्यो– "यो नसोच।" अनि उठेर त्यसले ढोका बन्द गरिदियो।

सायंकाले लगभग सात बजे नजीरले ढोको खोल्यो। सामुन्ने करीम उभिएको थियो।

शारदा मुण्टो निहुराउँदै मास्तिर लागी।

करीम औधी खुश थियो। उसले नजीरसँग भन्यो– "तपाईंले कमाल गरिदिनुभयो। तपाईं सय होइन, पचास दिनुहोस्।"

नजीर अत्यन्त सन्तुष्ट थियो। यति सन्तुष्ट कि त्यसले अतीतका सारा आइमाईहरुलाई बिर्सिसकेको थियो। शारदा त्यसको स्वैर चाहनाको शतप्रतिशत जवाफ थिई। त्यसले भन्यो– "तिमीलाई पैसा भोलि दिनेछु.....होटलको भारा पनि भोलि तिरुँला....। जोनी वोकर र विक्स किनेपछि जम्मा पाँच रुपैयाँ बचेको छन् मसँग।"

करीमले भन्यो– "कुनै चिन्ता छैन। म यो जानेर खुश छु कि तपाईंले शारदासँग आफ्नो माया 'फिट' गर्नुभयो। हजुर, त्यसले त मेरो ज्यान खाइसकेकी थिई। अब त्यसले शकुन्तलासँग केही भन्न सक्दिन।"

नजीर जान तम्सिएकै थियो कि शारदा आइपुगी। शारदालाई देख्ने बित्तिकै करीम भाग्यो। त्यसको काखमा मुन्नी थिई। नजीरले मुन्नीका स-साना औंलामा पाँच रुपैयाँको नोट फँसायो। शारदाले नाइँ-नास्ति गरी। नजीरले मुस्कुराउँदै भन्यो– "यो तिमी के गरिरहेकी छौ ? म यसको बाउ हुँ।"

शारदा खामोश भई। उसले छोरीका स-साना औंलामा पाँचको नोट अल्झिरहन दिई। केही घण्टापहिले उसको हाउभाउ अर्कै थियो। यस्तो भान हुन्थ्यो कि कर्कश शब्दावलीको नदी नै बगाइदेली। तर, अहिले ऊ कुरा गर्न पनि आफूलाई रोकिरहेकी थिई। नजीरले मुन्नीलाई काखामा राखेर माया गर्‍यो। शारदासँग भन्यो– "लौ त शारदा ! अब म लागें। भोलि नभए पर्सि त अवश्य आउनेछु।"

तर, नजीर भोलिपल्ट नै म्यारीना होटल पुग्यो। शारदाले शारीरिक अपनत्वले त्यसउपर जादु गरिदिएको थियो।

त्यसले करीमको पुरानो हिसाब बराबर गरिदियो, जोनी वोकरको एक बोतल र मन परेको चुरोटको एक बट्टा मगाएर होटलको उही तीनतिर हावादार कोठामा शारदाका साथ बन्द भयो। त्यसले शारदालाई पिउन भन्दा उसले सुस्तरी भनी– "मैले हिजै भनेकी थिएँ कि प्रथम र अन्तिम पटक हो।"

नजीर एक्लै पिइरह्यो। पूर्वान्ह एघार बजेदेखि साँझ सात बजेसम्म त्यो शारदासँग रह्यो। घर फर्किदाँ त्यो निकै सन्तुष्ट थियो, पहिलो दिनभन्दा पनि धेरै सन्तुष्ट। आफ्नो ठीकठाक अनुहार र मितभाषिताका बावजुद शारदा त्यसको शारीरिक सुखमा नशा बनेर छाइसकेकी थिई। त्यो बारम्बार सोच्दथ्यो– "शारदा कस्ती आइमाई हो......मैले आफ्नो जिन्दगीमा यति खामोश तर, शारीरिकरुपमा यति वाचाल आइमाई देखिनँ।"

अब त्यसले एक दिन बिराएर म्यारीना होटल जान शुरु गरिदियो। त्यसलाई रुपैयाँ-पैसामा कुनै विशेष अभिरुचि थिएन। त्यो करीमलाई साठी रुपैयाँ दिन्थ्यो। त्यो जान्दथ्यो कि करीमले दस रुपैयाँ होटलवालालाई दिन्छ, शेष पचासबाट बाह्र-तेह्र रुपैयाँ आफ्नो कमीशनमा काटेर शेष शारदाका हातमा पार्दहोलान्। तर, न कहिल्यै शारदासँग त्यसले र न कहिल्यै शारदाले त्योसँग रुपैयाँ-पैसाबारे कुराकानी गरे।

दुई महिना बित्दा नबित्दै त्यसको सम्पत्ति समाप्त भयो। त्यसको अलावा त्यसले अतिशय अनुभव गर्‍यो कि शारदा त्यसको पवित्र वैवाहिक जीवनमा एकदमै ठूलो व्यवधान भइरहकी छ। त्यो आफ्नी पत्नीसँग सुत्दछ तर त्यसलाई एउटा कमीजस्तो महसुस हुन्छ र त्यो कामना गर्न थाल्दछ कि बिस्तरामा पत्नीको साटो शारदा होओस्। त्यसलाई राम्ररी थाहा थियो कि त्यस्तो कुरा नराम्रो हो र त्यस्तै मानसिक उथलपुथलका कारण त्यस्तो सोच्न थाल्यो कि शारदासँग त्यसको त्यस्तो रासलीला कसरी समाप्त होस्।

एकदिन त्यसले शारदासँग भन्यो– "शारदा ! म विवाहित हुँ, मेरो सञ्चित पूँजी सिद्धियो। अब के गरुँ- के गरुँ भइरहेछ। तिमीलाई छाड्न पनि सक्दिनँ र साथै यो पनि चाहन्छु कि यतातिर कहिल्यै नआऊँ।"

शारदाले त्यसको कुरा सुनी र खामोश रही। अलि बेरपछि उसले भनी– "जति रुपैयाँ मसँग छन्, तपाईं लिन सक्नुहुन्छ। मलाई जयपुरसम्मको भारा दिनुहोस् ताकि म शकुन्तलाका साथ फर्की जाऊँ।"

नजीरले म्वाइँ खाँदै भन्यो– "बकवास गर्ने होइन, तिमीले कुरा बुझिनौ। कुरा यो हो कि मेरा सारा पैसा खर्च भइसकें अथवा भनौं सिद्धिए....म सोच्दछु कि अब म तिमीकहाँ कसरी आउन सकूँला ?"

शारदाले कुनै जवाफ दिइन।

अर्को दिन आफ्नो मित्रसँग सापटी लिएर नजीर जब होटल पुग्यो तब करीमले त्यसलाई बतायो कि शारदा जयपुर जानका लागि तयार बसेकी छ। नजीरले शारदालाई बोलाइपठायो तर त्यो आइन। शारदाले करीममार्फत प्रशस्त रुपैंयाँ पठाई र भन्न लगाई कि नजीर यी रुपैयाँ राखून् र आफ्नो एड्रेस देऊन्।

नजीरले ठेगाना लेखेर दियो र रुपैयाँ फिर्ता पठायो। त्यो बाहिर जान लागेको बेलामा शारदा आइपुगी। त्यसको काखमा मुन्नी थिई। उसले भनी– "आज साँझ म जयपुर जाँदैछु।"

नजीरले सोध्यो– "किन ?"

शारदाले छोटो जवाफ दिई– "मलाई थाहा छैन।" त्यति भनेर त्यो गई।

नजीरले करीमसँग भन्यो कि ऊ शारदालाई सम्झाओस्। तर ऊ गएन। नजीर घर फर्कियो। त्यसलाई अनुभव भयो मानौं त्यसको शरीरको ऊष्मा तिरोहित भयो। मानौं त्यसको शारीरिक सवालको जवाफ गायब भयो।

शारदा गई। साँच्चिके गई। करीमलाई शारदा गएको धेरै अफसोस थियो।

संयोगले जुराएको एउटा भेटमा करीमले गुनासो गर्दै भन्यो– "करीम साहेब ! तपाईंले शारदालाई किन जानदिनुभयो ?"

नजीरले भन्यो– "भाइ ! म कुनै धनपति त होइन.....दिन बिराएर पचास एक, दस एक, बोतलको तीस अलग र अन्य खर्च। मेरो त टाट नै पल्टियो। खुदा कसम ऋणी भएको छु।"

करीम खामोश रह्यो।

नजीरले फेरि भन्यो– "म मजबूर थिएँ। कहाँसम्म खिस्सा चलाइरहन्थें !"

करीमले भन्यो– "नजीर साहेब ! शारदालाई तपाईंसँग प्रेम थियो।"

नजीर जान्दैनथ्यो कि प्रेम कुन चराको नाम हो। त्यो यति मात्र जान्दथ्यो कि शारदामा शारीरिक निष्कपटा थियो। ऊ त्यसको मर्दाना सवालको एकदम सही जवाफ थिई। (अर्थात् त्यो रतिक्रियामा अत्यन्त निपुण थिई।) त्यसबाहेक त्यो अरु केही जान्दैनथ्यो। शारदाको जीवनबारे र त्यसलाई अलि-अलि अवश्य थाहा थियो– उसको लोग्ने लम्पट थियो र बिहे भएको केही महिनामा नै त्यो उसलाई छाडेर गएको थियो र मुन्नीको अनुहार आफ्नो पिताजस्तो छ।

शारदाले शकुन्तलालाई आफूसँगै जयपुर लगेकी थिई। ऊ शकुन्तलाको बिहे गराउन चाहन्थी। उसको चाहना थियो कि शकुन्तलाले शीलयुक्त जीवनयापन गरोस्। ऊ शकुन्तलालाई औधी माया गर्दथी। करीमले शकुन्तलासँग देह-व्यापार गराउने निकै प्रयास गरेको थियो। कैयन लम्पट त एक रातको दुई-दुई सय रुपैयाँ दिन तयार थिए तर, शारदा मान्दिनथी। ऊ करीमसँग बाझ्न शुरु गरिदिन्थी। करीम भन्दथ्यो– "तिमीलाई थाहा छैन कि तिमी के गरिरहेकी छौ।" उसको जवाफ हुन्थ्यो– "मलाई थाहा छ कि म के गरिरहेकी छु। तिमी दलाल नपसेको भए म नजीर साहेबको एक पैसा पनि खर्च हुन दिने थिइनँ।"एकदिन शारदाले नजीरसँग त्यसको फोटो मागेकी थिई जो त्यसले अर्को भेटमा नै उसलाई दिएको थियो। शारदाले नजीरसँग प्रेम प्रकट गरेकी थिइन। बिस्तरामा सँगै सुत्दा ऊ एकदम खामोश रहन्थी। त्यसले शारदालाई बोल्न उक्साउँथ्यो तर ऊ केही बोल्थिन। नजीर उसको शारीरिक निष्कपटाको कायल थियो। जहाँसम्म शरीरको सम्बन्ध छ ऊ स्नेह वा अपनत्वकी प्रतिमूर्ति थिई।

शारदा गएपछि केही दिन त त्यो उदास रह्यो। त्यसपछि त्यसको छातीको भार सुस्त-सुस्त कम हुँदै गयो। ऊ त्यसको पारिवारिक जीवनमा नराम्ररी पसेकी थिई। ऊ बम्बईमा केही दिन अरु बसेकी भए सम्भवतः त्यो आफ्नी पत्नीप्रति एकदमै उदासीन हुन्थ्योहोला। अब त्यो सामान्य हुन थालेको थियो। शारदाको शारीरिक स्पर्शसुखानुभूति सुस्त-सुस्त त्यसको शरीरदेखि टाढिँदै थियो।

» *क्रमश...*

---

### अर्थतन्त्र...

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ संशोधन विधेयक संसदमा पेस गर्नेदेखि बजेट दिग्दर्शन २०७५ संशोधन गर्ने योजना समते अर्थको छ। रकमान्तर कार्यविधि तर्जुमा गर्ने र बझाङ सैपाल गाउँपालिकामा वाणिज्य बैंकको शाखा स्थापना गर्ने समेत अर्थले जनाएको छ। उपभोक्ताले डिजिटल माध्यमबाट गरेको खरिद भुक्तानीमा १० प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) फिर्ता दिने काम प्रारम्भ गर्ने घोषणा अर्थले गरेको छ। तातोपानी भन्सार कार्यालयमा लगेज तथा भेइकल स्क्यानर मेसिन प्रयोग आरम्भ गरिने भएको छ। वीरगञ्ज भन्सार कार्यालय, भैरहवा र नेपालगञ्जमा ल्याब मोड्युल प्रारम्भ गरिने कार्ययोजनामा उल्लेख छ।

त्यस्तै भन्सार प्रज्ञापनपत्रको मुख्य-मुख्य चरणको जानकारी निकासी तथा पैठारीकर्तालाई एमएमएस वा इमलेमार्फत् जानकारी गराउने प्रणाली आरम्भ गरिने भएको छ।

यसबिच सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने कार्यविधि तर्जुमा गरिने कार्ययोजनामा उल्लेख छ। बहुवर्षीय ठेक्काका लागि अर्थ मन्त्रालयबाट भएको स्रोत सहमति, विषयगत/निकायले लगाएको ठेक्का र तिर्नुपर्ने बाँकी दायित्वको विवरण यकिन गर्ने समेत अर्थले जनाएको छ। गत आर्थिक वर्ष विधिसम्मत सिर्जित दायित्व यकिन गरी भुक्तानी व्यवस्था मिलाउने समेत अर्थको भनाइ छ।

आन्तरिक राजस्वतर्फ वार्षिक २५ करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने थप २ सय करदाताको कारोबारलाई केन्द्रीय बिजक अनुगमन प्रणालीमा आबद्ध गराइने भएको छ।अन्तःशुल्क चुहावट नियन्त्रणका लागि मदिरा, बियर, चुरोट, सूर्तिजन्य वस्तु, इनर्जी ड्रिंक र जुसको व्यावसायिक उत्पादन गर्ने उद्योग प्रतिष्ठानको स्थलगत निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन बनाउने कार्ययोजनामा उल्लेख छ। राजस्व चुहावट नियन्त्रण केन्द्रित दूत गस्ती टोली गठन गरी परिचालन गरिने अर्थले जनाएको छ। यसले अवैध कारोबार नियन्त्रण गर्ने अर्थको विश्वास छ।

त्यस्तै विकास सहायता नीति २०८१ तर्जुमा गरिने भएको छ। जसले मुलुकको प्राथमिकता प्राप्त क्षेत्रमा सहायताका वैकल्पिक उपकरणसहित वैदेशिक सहायता परिचालन र उपभोग बढ्ने अर्थको विश्वास छ। न्यू बुटवल सबस्टेसनको भारतीय सीमासम्म ठेक्का सम्झौता गरिसक्ने योजना अर्थको छ। यसबिच न्यू दमौली सबस्टेसनको ठेक्का सम्झौताको योजना पनि छ।

### स्थानीय...

रोल्पा नगरपालिकालाई व्यवसायीहरुले सधैं सहयोग गर्दै आएको बताउँदै उनीहरुले नगरपालिकाले अभिभावकत्व ग्रहण गर्नेभन्दा पनि तानाशाही शैलीमा चल्न थालेकोमा आफूहरु दुःखी भएको गुनासो गरे। नगरमा दर्ताको मितिलाईभन्दा पनि पान नम्बर लिएको मितिलाई आधार मानेर जरिवानासहित एकाएक करको भार थोपरेर व्यवसायीलाई आतंकित बनाएको उनीहरुको आरोप छ। नीति-विधिमा टेकेर प्रक्रियागत ढंगबाट ल्याइने कर तिर्न भने आफूहरु सधैँ तयार रहेको रोल्पा उद्योग वाणिज्य संघका कानूनी सल्लाहकार तुलसी जिसीले स्पष्ट पारे। उद्योगी व्यवसायीहरुले रोल्पा नगरपालिका, जिल्ला प्रशासन कार्यालयलगायतमा ज्ञापनपत्र पेश गरिसकेका छन्।

कुनै व्यवसाय चलाउन आन्तरिक राजस्व कार्यालयमा दर्ता भएर कर तिरे पुग्नेमा स्थानीय तहमा पनि दर्ता गरेर कर तिर्नुपर्ने, वाणिज्य कार्यालयमा पनि तिर्नुपर्दा तेहेरो करको मारमा परेको व्यवसायीको तर्क छ। व्यवसायको कर चुक्ता प्रमाणपत्र वा अन्य सरकारी कामकाजका लागि आन्तरिक राजस्व कार्यालयको कागजात भए पुग्नेमा आवश्यक नै नपर्ने स्थानीय तह र वाणिज्य कार्यालयको कर थोपरेर व्यवसायीलाई मारमा पार्ने काम मात्रै भएको उनीहरुको भनाइ छ।

व्यवसायीले तीन तहका सरकारलाई कर तिर्ने, व्यवसायीको करबाट जनप्रतिनिधि र कर्मचारीले तलब-सुविधा खाने तर सरकारबाट व्यवसायीलाई राहत, सहुलियत, नीतिगत सुधार र संरक्षण नभएको उद्योगी व्यवसायीको गुनासो छ। तीनै तहका सरकारले उद्योगी व्यवसायीका जायज माग सम्बोधन गरी व्यवसायमैत्री वातावरण बनाउन जरुरी छ। य

ता रोल्पा नगरपालिकाले भने कर तिर्नु सबै नागरिकको दायित्व भएको बताउँदै व्यवसायीले आफूले सञ्चालन गरेको व्यवसायिक कर तिर्नुपर्ने स्वभाविक कार्यलाई अस्वभाविक बनाइएको बताएको छ।

**पसल बन्द, सटरको साँचो मेयरलाई**

उता कर वृद्धिको विरोधमा हेटौंडा उपमहानगरका व्यवसायीले आफ्ना व्यवसाय बन्द गरेर आन्दोलनमा उत्रिएका छन्।

मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा भइरहेको कर वृद्धिविरुद्धको आन्दोलनलाई साथ दिँदै व्यवसायीहरूले शुक्रबार आफ्ना व्यवसाय बन्द गरेर उपमहानगर कार्यालयमा धर्ना दिएका हुन्।

व्यवसायीहरूले व्यवसायिक सटरको साँचो उपमहानगरपालिकाकी मेयर मिना लामालाई बुझाएका छन्।

मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा निर्माण व्यवसायी संघ, जिल्ला सहकारी संघसहित जिल्लास्थित १६ वटा विषयगत व्यवसायिक संस्थाका व्यवसायी कर वृद्धिको विरोधमा आन्दोलनमा छन्।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल)लि.को बिमालेख यही मिति २०८१।०३। २५ गते तिलोत्तमादेखि बुटवल आउँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

| | |
|---|---|
| **नाम** | **: विपिना लम्साल** |
| **ठेगाना** | **: तिलोत्तमा–१, रुपन्देही** |
| **बिमालेख नं.** | : १५००२४८५७ |
| **सम्पर्क** | : ९८५७०३४१९३ |

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ठेकीमा मोही पार्दै गोठालाः**
पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन सिकार आरक्षको गर्पाछेडा दहखर्कको गोठमा ठेकीमा मोही पार्दै ७४ वर्षीय लछुमन थापा। गाईवस्तुको गोठ लिएर बुकी आएका किसान दूधबाट घ्यु, छुर्पीलगायत दूधजन्य परिकार बनाउने गर्दछन्। *तस्विरः सन्तोष गौतम/रासस*

# पाल्पामा थपिए एक वर्षमा ९७ उद्योग

रामपुर (पाल्पा) । पाल्पामा आर्थिक वर्ष २०८०/०८१ मा ९७ वटा नयाँ उद्योग थपिएका छन् । जसमा उत्पादनमूलक आठ, कृषि तथा पशुपालन ४४, पर्यटन ३०, सेवासम्बन्धी १५ गरी ९७ वटा उद्योग दर्ता भएका हुन् ।

दर्ता भएका उद्योगमध्ये 'प्राइभेट फार्म' ९३ र साझेदारी फार्म चारवटा छन् । गतवर्ष ४३ महिला र ६० पुरुष गरी एक सय तीन जना उद्यमी थपिएका छन् । एक सय ८० महिला र दुई सय २७ पुरुष गरी चार सय सात जनालाई रोजगारी सिर्जना भएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ । एक वर्षमा कार्यालयमा दर्ता भएका उद्योगमा रु २१ करोड ९८ लाख बराबरको पुँजी लगानी र सो उद्योगबाट रु १५ लाख ६४ हजार पाँच सय बराबरको कुल राजस्व प्राप्त भएको उद्यम विकास सहजकर्ता मनोज घिमिरेले जानकारी दिए। उनका अनुसार गत आवमा चार सय ८३ उद्योगको नविकरण, एक सय ७७ उद्योगको लगत कट्टा, ८९ उद्योग पुँजी वृद्धि, ३३ उद्योगले प्रतिलिपि लिएको, तीनवटा उद्देश्य थप तथा परिवर्तन, नौ वटा नामसारी तथा ठाउँसारी गरिएको छ।

कार्यालय स्थापनादेखि हालसम्म जिल्लामा तीन हजार आठ सय १७ उद्योग दर्ता भएका थिए । जसमध्ये उत्पादनमूलक छ सय पाँच, कृषि तथा पशुपालनसम्बन्धी एक हजार तीन सय ६८, पर्यटनसम्बन्धी एक हजार ३३ छन् ।

सोही आवमा वाणिज्य फार्म ९१ वटा दर्ता भएका छन्। जसमध्ये किराना र खाद्यान्नसम्बन्धी २७, हार्डवयर आठ, फेन्सी तथा कपडा १४, कस्मेटिक तथा जुत्ता १०, मदिरा तथा सुर्तिजन्य चार, भाँडाकुँडा तथा एलपि ग्याससम्बन्धी दुई, कृषिसम्बन्धी दुई, सुनचाँदी चार, फर्निचर र फर्निसिङ्ग दुई, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स छ र अन्य १२ रहेका छन् । दर्ता भएका यी वाणिज्य फार्ममा रु १८ करोड १२ लाख बराबरको कुल पुँजी लगानी रहेको छ भने रु २१ लाख ३६ हजार सात सय कुल राजस्व प्राप्त भएको छ।

गत आर्थिक वर्षमा छ सय ८९ वटा वाणिज्य फार्म नविकरण, एक सय ८६ लगतकट्टा, एक सय ५० पुँजी वृद्धि, ५१ वटा प्रतिलिपि, उद्देश्य थप र परिवर्तन २६, नामसारी र ठाउँसारी १० वटा रहेका छन्। गत आर्थिक वर्ष सम्ममा दर्ता भइ सञ्चालनमा रहेका फार्मको संख्या चार हजार तीन सय ३३ रहेका छन्। उद्योगतर्फ तीन हजार आठ सय १७ गरी कुल आठ हजार एक सय ५० फार्म रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ। आव २०७९/८० मा एक सय ४३ उद्योग खारेज भएका थिए।

# ब्रिटिस ग्रामरमा कविता लेखन तथा वाचन



बुटवल । ब्रिटिस एजुकेसन ग्रुपको व्यवस्थापनमा सञ्चालित ब्रिटिस ग्रामर स्कुल रुपन्देही (नमस्ते एकडेमीमा) नियमित अतिरिक्त कार्यक्रमअन्तर्गत कविता लेखन तथा वाचन महोत्सव र सांस्कृतिक पोशाक प्रदर्शनी भव्य रुपमा सम्पन्न भएको छ ।

ब्रिटिस ग्रामर स्कुल रुपन्देहीका विभिन्न तहका संयोजक महेन्द्र पौडेल, विजय कार्की र मीना भट्टराईको सभापतित्व र विद्यालयका निर्देशक पुष्पा कँडेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा कविता लेखन र वाचन महोत्सवका साथमा विद्यार्थीहरुले विविध साँस्कृतिक पोशाक प्रदर्शनी, नृत्य, साहित्यिक व्यक्तित्वहरुका बिचमा विद्यालयका साहित्य अनुरागी विद्यार्थीहरुले छलफल गरेको विद्यालयका प्राचार्य दिलबहादुर बुढाथोकीले जानकारी दिए। 'साहित्य समाजको ऐना हो। बालबालिका यसका विम्ब हुन्। यसले विद्यार्थीलाई सृजनशील बनाउँछ। जीवन बुझाइ सफलताको बाटो पहिल्याउँछ। यसै कुरालाई मनन गरी यो कविता लेखन तथा वाचन महोत्सव कार्यक्रम आयोजना गरिएको हो।'- प्राचार्य बुढाथोकीले भने।

कविता महोत्सव कार्यक्रमको पहिलो सत्रमा साँस्कृतिक पोशाक प्रदर्शनी, शिक्षक तथा विद्यार्थीले नृत्य प्रदर्शनी गरेका थिए भने कक्षा १ देखि ५ सम्मका विद्यार्थीले कविता वाचन गरेका थिए।

अहिलेका बालबालिका साहित्यप्रति विशेष अभिरुचि राख्दछन्। उनीहरुका श्रृजनाको प्रदर्शनी पनि यो महोत्सवको विशेष आकर्षण रह्यो । पठन संस्कृतिप्रति पनि यस विद्यालयका बालबालिका उत्साहित रहेका छन् । स-साना विद्यार्थीले आफूले लेखेका साहित्यिक सृजना समेत उपस्थित साहित्य अनुरागीका बिचमा वाचन तथा प्रस्तुत गरे। कार्यक्रमको दोस्रो सत्रमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीले कविता लेखन तथा वाचन गरेका थिए। नेपाली संस्कृति, कला, साहित्य, भेषभुषा र परम्पराको जगेर्ना गर्ने उद्देश्यसहित आयोजना भएको कार्यक्रमले विद्यार्थीको गीत, सङ्गीत, कला र लेखनमा निरन्तर रुपमा लाग्नुको परिणाम रहेको विद्यालयका संस्थापक प्राचार्य राजेन्द्र कुँवरले बताए।

कक्षा १ देखि १० कक्षासम्मका विद्यार्थीलाई दुई समूहमा विभाजन गरी गरिएको कविता महोत्सवमा प्रत्येक कक्षाबाट छानिएर आएका ६४ जना विद्यार्थीले महोत्सवमा आफ्ना कविता सुनाएका थिए। महोत्सवमा विद्यालयकी अतिरिक्त कृयाकलाप प्रमुख रोमा शर्माको संयोजन विद्यार्थी कृषभ शाही, अन्जना न्यौपाने, प्रतीक पन्थी र नितिशाश श्रेष्ठको सञ्चालनमा भएको थियो।

# खोलाले बगाउँदा महिला बेपत्ता

रोल्पा । रोल्पामा खोलाले बगाउँदा एक वृद्धा महिला बेपत्ता भएकी छन् । जिल्लाको गंगादेव गाउँपालिकाको सुखाओडार भन्ने ठाउँमा बिहीबार बेलुकी ७ बजेतिर खोलाले बगाउँदा स्थानीय ६५ वर्षीया तुलसी कामी बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जानकारी दिएको छ।

सुखाओडार बजारबाट घर फर्किने क्रममा गोरेटो बाटोबाट करिब दुई मिटर तल लड्न गई खोलामा पुगेपछि उनी बगेर बेपत्ता भएको रोल्पा प्रहरी प्रवक्ता, प्रहरी निरीक्षक केशवराज बराकोटीले जानकारी दिए।

बेपत्ता भएको खबर पाएलगत्तै इलाका प्रहरी कार्यालय जिनाबाङबाट प्रहरी सहायक निरीक्षक अमलेशकुमार लोधको नेतृत्वमा ९ जनाको प्रहरी टोली खोजी कार्यमा जुटेको थियो। तर रातिसम्म पनि फेला नपरेपछि

शुक्रबार इलाका प्रहरी कार्यालय घर्तीगाउँबाट थप प्रहरी परिचालन गरी खोजी कार्य जारी राखिएको प्रहरी निरीक्षक बराकोटीले जानकारी दिए।

# अर्घाखाँचीमा आठ हजार चार ४४ हेक्टरमा सिँचाइ सुविधा



अर्घाखाँची । जिल्लामा खेतीयोग्य जमिनमध्ये आठ हजार चार सय ४४ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। कूल ४५ हजार सात सय १२ खेतीयोग्य जमिनमध्ये २८ हजार छ सय नौ हेक्टर क्षेत्रफलमा मात्र खेती हुँदै आएको छ।

खेतीयोग्य जमिनमध्ये तीन हजार ८१ हेक्टर क्षेत्रफलमा बाह्रैमास सिँचाइ सुविधा पुगेको र पाँच हजार तीन सय ६३ हेक्टरमा मौसमी सिँचाइ सुविधा पुगेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख इञ्जिनियर भेषराज भुसालले बताए।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले आयोजना गरेको आर्थिक वर्ष २०८०/८१ मा गरेका सेवा प्रवाह तथा विकास निर्माणको समीक्षा कार्यक्रममा गत आवमा प्राप्त भएको बजेट रु २१ करोड ४७ लाख ५४ हजारमध्ये १८ करोड ९१ लाख ५१ हजार अर्थात् ८८ दशमलव ०८ प्रतिशत खर्च अर्थात् र ९९ दशमलव ४८ प्रतिशत भौतिक प्रगति भएको डिभिजन कार्यालयका लेखापाल शिवहरि खनालले बताए।

एक सय तीन योजनामध्ये एक वर्षमा ९४ वटा योजना सम्पन्न भएका छन् । चार वटा योजना क्रमागत बहुवर्षीय र पाँच वटा योजना कार्यान्वयनमा जान सकेका छैनन्। सञ्चित कोषमा रकमको कमी हुँदा काम सम्पन्न भएका नौ वटा योजनाको रु एक लाख ४७ हजार १७ हजार भुक्तानी हुन नसकेको इञ्जिनियर भुसालले बताए।

आव २०८०/०८१ मा यस कार्यालयबाट विभिन्न सिँचाइ योजनाका आठ वटा बाँध निर्माण, १९ दशमलव ६२ किमी पक्की कुलो, तीन वटा पोखरी, १५ हेक्टरमा थप सिँचाइ सुविधा र एक सय ७१ हेक्टरमा सिँचाइ सुदृढीकरण भएको छ। दुई दशमलव ३८ किमी तटबन्ध, एक दशमलव पाँच हेक्टर जमिन उकास, ४८ घर सुरक्षित र एक सय ६५ हेक्टर जमिन सुरक्षित भएको डिभिजन प्रमुख भुसालले जानकारी दिए।

सिँचाइ विना खेती हुन नसक्ने भएकाले सिँचाइ योजना निर्माणमा सबै सरकार लाग्नुपर्ने जिल्ला समन्वय कार्यालयका प्रमुख जीवनारायण कोइरालाले बताए । उनले सिँचाइ कुलो निर्माण भएपछि युवा आर्थिक स्वरोजगार भएको बताए । सबैभन्दा उत्तम पेसाका रुपमा रहेको कृषि पेसालाई सबैले सम्मान गर्नुपर्ने उनको भनाइ छ।

कृषिजन्य वस्तुको उत्पादनविना आर्थिक समृद्धि नहुने भएकाले उत्पादनका लागि सिँचाइ पहिलो आवश्यकता रहेको प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले जनाए । उनले गाउँमा खेतीपाती गर्ने कृषकलाई सम्मान गर्नुपर्ने बताउँदै कृषि पेसालाई समाजले हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्ने बताए।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले गरेको काम प्रशंसायोग्य रहेको शीतगङ्गा नगरपालिकाका नगरप्रमुख छविलाल पौडेलको भनाइ छ। नगरपालिकाले समन्वय गरेर काम अगाडि बढाएको बताउँदै कुलो बनेपछि बाँझो रहेको जमिनमा खेती हुन सुरु भएको उनले जानकारी दिए।


हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्स्योरेन्स भएको भवन)
फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालको पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com